"For Nepali, By Nepali "

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्‌ कतार

Non-Resident Nepali Association, National Coordination Council, Qatar

Estd: 2003

मिति : ८ अगस्ट, २०१७

**विषय : कार्यसमिति चयन प्रक्रिया अघि बढाइएको सम्बन्धि सुचना**

प्रस्तुत सम्वन्धमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको १८ अगस्त २०१७ का दिन हुन गईरहेको सातौ राष्ट्रिय महाधिवेशन मार्फत हुने आगामी कार्यकालको लागि कार्यसमिति चयन प्रक्रियालाई सम्पन्न गर्न गत २६ मई २०१७ मा स्रम्पन्न अन्तिम राष्ट्रिय परिषद भेलाले निर्वाचन समितिको जिम्मेवारी दिएको र राष्ट्रिय समन्वय परिषद कतारले पंजिकृत सदस्यको आह्वान गरि अन्तिम नामावली समेत प्रकाशित गरिसकेकोले निर्वाचन समितिले आफ्नो जिम्मेबारीलाई वहन गर्दै तपसिल बमोजिमको निर्वाचन सम्वन्धि कार्यक्रमहरु तय गरि सार्वजनिक गर्ने निर्णय गरिएको छ ।

यस एनसिसि कतारको सातौं राष्ट्रिय महाधिवेशनलाई सफल पार्नका लागि सम्पुर्ण पंजिकृत सदस्यहरुलाई हार्दिक आह्वान गर्दै निम्न वमोजिमको कार्यतालिका र विधानले दिएको अधिकार तथा विधानमा आधारित रहेर तयार पारेको निर्वाचन समितीको नियमलाई पालना गर्दै तोकेका कार्यक्रम र समय भित्र आफ्नो उम्मेद्धवारी दिने तथा अन्य कार्यमा सहयोग गरिदिनुहुनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**गैर आवासिय नेपाली संघ राष्धिय समन्वय परिषद कतारको निर्वाचन कार्यक्रम तालिका ।**

| सि. नं. | विवरण | मिती | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | उम्मेदवारी दर्ता | ११ अगष्ट २०१७ | दिउसो १२ बजे देखि बेलुका ६ बजे सम्म | युनिक नेपाली रेष्टुरेन्ट, नज्मा (कुवेती विल्डिङको अगाडी) | |

- उम्मेद्धवार दर्ता फर्म एनआरएनए एनसीसी कतारको वेभसाइमा उपलब्ध हुनेछ । इच्छुक उम्मेद्धवारहरुले सोहि फर्म डाउनलोड गरी भरेर दर्ता गर्नु पर्ने छ । दर्ता गरिने स्थानमा फर्म उपलब्ध हुने छैन ।
- उम्मेदवारी दर्ता गर्न उम्मेद्धवार स्वयं तोकिएको शुल्क र कतारी आइडि (सक्कल) सहित उपस्थित हुनु पर्नेछ । प्रस्तावक र समर्थकको सदस्यता नम्बर, सम्पर्क नम्बर र हस्ताक्षर अनिवार्य हुनुपर्नेछ, उपस्थिति जरुरी हुने छैन ।

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मनोनयन दर्ता भएका उम्मेदवारको सुचि प्रकाशन | अगष्ट १२, २०१७ | | एनआरएनए एनसिसि कतारको वेभसाइट, फेसबुक पेज तथा अनलाईन मिडियाहरु मार्फत | |
| | उम्मेदवारको विरोधमा उजुरी दिने | १३ अगष्ट २०१७ | वेलुका ५ वजे सम्ममा | इमेल र WhatsAPs मार्फत | |
| ४ | मनोनयन भएका उम्मेद्धवारहरुको नामावली प्रकाशन | १४ अगष्ट २०१७ | | एनआरएनए एनसिसि कतारको वेभसाइट, फेसबुक पेज तथा अनलाईन मिडियाहरु मार्फत | |
| ५ | उम्मेदवारी फिर्ता लिने अवधि | २५ अगष्ट २०१७ सम्म | १ बजे देखि वेलुका ५ वजे सम्म | युनिक नेपाली रेष्टुरेन्ट, नज्मा (कुवेती विल्डिङको अगाडी) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उम्मेद्धवारको अन्तिम नामावली प्रकाशन | २५ अगष्ट २०१७ | वेलुका १० वजे पछि | एनआरएनए एनसिसि कतारको वेभसाइट, फेसबुक पेज तथा अनलाईन मिडिय मार्फत | |
| ७ | निर्वाचन | १ सेप्टेम्बर २०१७ | बिहान ७ :०० वजेबाट सुरु | पछि तोकिने | |
| ८ | मत गणना | निर्वाचन सम्पन्न भए पश्चात | निर्वाचन समितिले तय गरे बमोजिम | निर्वाचन समितिले तय गरे बमोजिम | |
| ९ | परिणाम घोषणा | मतगणना सम्पन्न भए लगत्तै | मतगणना सम्पन्न भए लगत्तै | मतगणना स्थलमा | |

## गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको सातौं राष्ट्रिय महाधिवेशनमा उम्मेद्धवारी दिन चाहने सदस्यहरुले पुरा गर्नु पर्ने सर्तहरु र पालना गर्नु पर्ने आचार संहिताहरु ।

- उम्मेद्धवारहरुको योग्यता यस प्रकार हुनेछ ।
  - आइसीसी सदस्य र एनसीसी अध्यक्ष पदमा उमेद्धवारी दिन कम्तिमा एक कार्यकाल राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य भएर कार्यसम्पादन गरेको ।
  - एनसीसी प्रथम उपाध्यक्ष र एनसीसी महासचिव पदमा उमेद्धवारी दिन कम्तिमा एक कार्यकाल एनसीसी पदाधिकारी, सदस्य वा एनसीसीले सम्बन्धित कार्यकालको लागि गठन गरेका समितिमा रहेर कार्यसम्पादन गरेको र
  - अन्य पदाधिकारीको हकमा कम्तिमा एक कार्यकाल पंजिकृत सदस्य भएको हुनु पर्नेछ ।
  - युवा संयोजकमा पदमा उमेद्धवार दिने उमेद्धवारको उमेर उमेदवारी दिने दिन सम्म ४० बर्ष नपुगेको हुनु पर्छ ।
- प्रत्येक उम्मेदवारले १/१ जना पंजिकृत सदस्यलाई प्रस्तावक र समर्थकको रुपमा राख्नु पर्नेछ । एक जना पंजिकृत सदस्यले एक जना उम्मेदवारको लागि मात्र प्रस्तावक वा समर्थक हुन पाउनेछ ।
- प्रादेशिक सदस्य तथा समावेशिय सदस्यहरुको प्रस्तावक समर्थक सम्बन्धित प्रदेश वा समुदायकै सदस्य हुनु पर्ने छ ।
- आईसिसि सदस्यहरु, अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह-कोषध्यक्ष, ६ खुल्ला सदस्य, युवा संयोजक, लेखा समिति र अनुगमन समिति गरी २४ जनाको निर्वाचन सम्पूर्ण पंजिकृत सदस्यहरुको मतदानबाट हुनेछ ।
- ७ सदस्यहरु नेपालका ७ प्रदेशहरुको प्रतिनिधित्व हुने गरी सम्बन्धित प्रदेशका पंजिकृत सदस्यहरु मध्येबाट एक एक जनाका दरले क्षेत्रगत रुपमा निर्वाचित हुनेछन् ।
- एक जना महिला संयोजक र दुई जना महिला सदस्यहरु महिला पंजिकृत सदस्यहरुबाट निर्वाचित हुनेछन् ।
- आदिवासी जनजातिबाट २ जना, मुस्लिम २ जना, तराई मधेस २ जना र दलितबाट २ जना उल्लेखित समूदायलाई समेट्ने गरी सम्बन्धित समुदायका पंजिकृत सदस्यहरु मध्येबाट निर्वाचित हुनेछन् ।
- एक व्यक्तिले एक पदमा मात्र उम्मेदवारी दिन पाउने छन् ।
- एनआरएनए एनसिसि कतारको परियच पत्र विना मतदान गर्न पाईने छैन ।
  *(परिचयपत्र मतदान हलमा प्रवेश गर्नुभन्दा अगाडि एनसिसि कतारले वितरण गरिसक्नेछ ।)*
- निर्वाचन समितिले तयार गरेको दर्ता फाराम भरेर तोकेको शुल्क सहित उम्मेद्वारी दर्ता गराउन पर्नेछ ।
- प्रत्येक उम्मेद्धवारले तोकिएको दर्ता शुल्क बुझाउनु पर्ने छ । दर्ता शुल्क निम्न वमोजिम हुनेछ ।
  - आईसिसि सदस्य र एनसिसि अध्यक्ष : कतारी रियाल १०००/– मात्र ।
  - एनसिसि प्रथम उपाध्यक्ष र महासचिव : कतारी रियाल ७५०/– मात्र ।

- एनसीसी द्धितिय उपाध्यक्ष, तृतिय उपाध्यक्ष, सचिव, कोषाध्यक्ष : कतारी रियाल ५००/– मात्र ।
- एनसिसि सह-कोषाध्यक्ष, महिला संयोजक, युवा संयोजक, लेखा समिति संयोजक, अनुशासन तथा अनुगमन समिति संयोजक : कतारी रियाल ३००/– मात्र ।
- एनसिसि सदस्यहरु, लेखा समिति सदस्यहरु, अनुशासन समिति सदस्यहरु : कतारी रियाल १००/– मात्र ।

- उम्मेद्धवारहरु कसैको प्रस्तावक वा समर्थकमा बस्न पाइने छैन ।
- उम्मेद्धवारहरुले राजनैतिक, जातिय, धार्मिक वा क्षेत्रीय प्यानल खडा गरि सामुहिक उम्मेदवारी दिन तथा प्रचार प्रसार गर्न पाईने छैन ।
- कुनै पनि उम्मेदवारले राजनैतिक, धार्मीक, जातिय, क्षेत्रिय तथा साम्प्रदायिक नारा दिई प्रचार प्रसार गर्न पाइने छैन । उम्मेदवारहरुले एक अर्काको बिरुद्ध व्यक्तिगत टिका टिप्पणि तथा गालि गलैज गर्न पाईने छैन । यस प्रकारको कार्यमा संलग्न भएको प्रमाणित भएमा त्यस्ता उम्मेद्धवारको उम्मेद्धवारी खारेज गर्न समेत सकिने छ । कुनै पनि उम्मेदवारले सार्वजानिक स्थान, विद्युतिय माध्यम, सामाजिक सञ्जाल, सार्वजानिक सभा समारोह तथा पत्रपत्रिका लगाएतका सञ्चार माध्यमहरुमा पाइएमा वा व्यक्तिगत रुपमा स–प्रमाण उजुरी गरेमा उल्लेखित आचारसंहिता बमोजिम छानविन गरि कारवाही अगाडि बढाइने छ ।
- मतदातालाई आर्थिक लगाएतका कुनै पनि प्रलोभनमा प्रयोग गर्न पाईने छैन । साथै मतदाताहरुलाई, आफ्ना प्रतिष्प्रधि उम्मेद्धवारहरुलाई धाक धम्की दिन पाइने छैन । यस्तो गरेको पाइएमा त्यस्ता उम्मेद्धवारको उमेद्धवारी खारेज गर्न सकिनेछ ।

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको विधानमा व्यवस्था भए अनुसार निम्म बमोजिमका पदमा आफ्नो उम्मेद्धारी दर्ता गराउन सक्नुहुनेछ ।

| सि. नं. | पद | संख्य | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | १ | |
| २ | प्रथम उपाध्यक्ष | १ | |
| ३ | द्धित्तिय उपाध्यक्ष | १ | |
| ४ | तृतिय उपाध्यक्ष | १ | |
| ५ | महासचिव | १ | |
| ६ | सचिव | २ | |
| ७ | कोषाध्यक्ष | १ | |
| ८ | सह-कोषाध्यक्ष | १ | |
| ९ | यूवा संयोजक | १ | |
| १० | महिला संयोजक | १ | |
| ११ | सदस्य (खुल्ला) | ६ | |
| १२ | प्रदेश नं. १ सदस्य | १ | |
| १३ | प्रदेश नं. २ सदस्य | १ | |
| १४ | प्रदेश नं. ३ सदस्य | १ | |
| १५ | प्रदेश नं. ४ सदस्य | १ | |
| १६ | प्रदेश नं. ५ सदस्य | १ | |
| १७ | प्रदेश नं. ६ सदस्य | १ | |
| १८ | प्रदेश नं. ७ सदस्य | १ | |
| १९ | महिला सदस्य | २ | |
| २० | आदिवासी जनजाती सदस्य | २ | |
| २१ | दलित सदस्यबाट सदस्य | २ | |
| २२ | तराई/मधेश समुदायबाट | २ | |

| | | | |
|---|---|---|---|
| २३ | मुस्लिम समुदायबाट सदस्य | २ | |
| २४ | लेखा समिति संयोजक | १ | |
| २५ | लेखा समिति सदस्य | २ | |
| २६ | अनुशासन तथा अनुगम समिति संयोजक | १ | |
| २७ | अनुशासन तथा अनुगम समिति सदस्य | २ | |

| | | | |
|---|---|---|---|
| १ | एनआरएनए-आईसीसी सदस्य | २ | |

निर्वाचन सम्वन्धि कुनै पनि जानकारी लिनुपर्ने भएमा निम्न वमोजिमको नम्वर वा ईमेलमा सम्पर्क गर्न सक्नुहेछ ।

कमलमणि गुरागाई ५५४०३२४७ (kguragain2002@yahoo.co.in )

नोटः माथि उल्लेखित कार्यतालिकामा केहि फेर वदल गर्नुपर्ने भएमा निर्वाचन समितीले निर्णय गरि पुन सुचना जारी गर्नेछ ।

धन्यवाद ।

कमलमणि गुरागाई
निर्वाचन समिति संयोजक,
सातौ राष्ट्रिय महाधिवेशन,
गैरआवासिय नेपाली संघ,
राष्ट्रिय समन्वय परिषद, कतार ।